# व्यापार प्रवद्र्धनका लागि गुणस्तर वृद्धिमा जोड

November 22, 2012 Views: 4

Like 0 Tweet 0 Share

मङ्सिर ६, काठमाडौं (अस) — विकासशील देशहरूको व्यापार प्रवद्र्धनका लागि गुणस्तर क्षमता वृद्धि गरिनुपर्ने सरोकारवालाहरूले बताएका छन् । राजधानीमा आयोजित 'गुणस्तरमार्फत दक्षिण तथा दक्षिणपूर्वी क्षेत्रको व्यापार प्रवद्र्धन' विषयक कार्यशालामा गुणस्तरमापन क्षमता वृद्धि गर्न सकेमा मात्र अन्तरराष्ट्रिय बजारमा यस्ता देशका उत्पादनले प्रतिस्पर्धा गर्न सक्ने उनीहरूले बताए । 'विकासशील देशहरू अब निर्धारित गुणस्तरलाई पछ्याउने मात्रै होइन, गुणस्तर निर्धारण गर्न सक्ने बन्नु पर्छ,' कार्यशालामा बोल्दै साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भाएरोमेण्ट (सावती)का कार्यकारी अध्यक्ष पोषराज पाण्डेले बताए ।

तीन दिनसम्म चल्ने कार्यशाला सावती र स्वीडिश स्ट्याण्डर्ड इन्स्टिट्युट (एसआईएस)ले संयुक्त रूपमा आयोजना गरेका हुन् । गुणस्तरमापन क्षमता समयसापेक्ष बन्न सकेमा मात्र विकासोन्मुख देशका उत्पादनले अन्तरराष्ट्रिय बजारमा सजिलै प्रतिस्पर्धा गर्न सक्ने पाण्डेले बताए । खासगरी, जैविक ऊर्जाको गुणस्तरमापनलाई अनिवार्य बनाइनुपर्ने उनको भनाइ छ ।

उद्योग मन्त्रालयका सचिव कृष्ण ज्ञवालीले नेपालले प्रविधिको अभावमा जैविक विविधताबाट पर्याप्त फाइदा लिन नसकेको बताए । तर, सरकारको क्षमताअनुसार जैविक ऊर्जाबाट जतिसक्दो बढी फाइदा लिने प्रयास भइरहेको उनको भनाइ छ । कार्यशालामा नेपाल गुणस्तर तथा नापतौल विभागका महानिर्देशक रामआधार साहले गुणस्तरमापन क्षमता वृद्धिका लागि आफूहरूले नयाँनयाँ प्रविधि प्रयोगमा ल्याइरहेको बताए । कार्यशालामा विभिन्न आठ देशका प्रतिनिधिहरू सहभागी रहेका छन् ।